२०८१ साल कार्तिक ७ गते तदनुसार October 23, 2024 बुधबार बैठकमा पेश भएका कार्यसूचीहरु :

१. पशु सेवा शाखाको सेवा करार कर्मचारी तलब भत्ता सम्बन्धमा ।

२. सुपरीवेक्षक तोक्ने सम्बन्धमा ।

३. कानुनी सल्लाहकारको सेवा सुविधा सम्बन्धमा ।

४. विज्ञापन कर प्रस्ताब आब्हान सम्बन्धमा ।

५. प्रकोप व्यवस्थापन कोषको रकम खर्च सम्बन्धमा ।

६. अबरुद्ध ग्रामीण सडकहरु सञ्चालनको लागि ब्याकहो लोडर तथा स्काभेटर सम्बन्धमा ।

७. दलित लक्षित कार्यक्रम खर्च सम्बन्धमा ।

८. चार्जिङ स्टेसन निर्माण माग सम्बन्धमा ।

९. गाउँ शिक्षा समितिको निर्णय अनुमोदन सम्बन्धमा ।

१०. प्राकृतिक स्रोत संकलन तथा बिक्रीको राजस्व संकलन गर्ने सम्बन्धमा ।

**बैठकका निर्णयहरु:**

निर्णय नं.१: यस गाउँपालिकाको पशु सेवा शाखामा रिक्त रहेको पदहरुमा मिति २०८१ साल असोज ९ गतेको कार्यपालिका वैठकवाट सेवा करार गरी कर्मचारी नियुक्ति गर्ने निर्णय भएको तर सेवा सुविधा के कति हुने भन्ने निर्णय नभएकोले आजको कार्यपालिका वैठकवाट छलफल गरी तपसिल अनुसार पद तथा सेवा सुविधा हुने निर्णय गरियो ।

तपसिल:


| सेवा समूह | उपसमूह | पद | स्तर | सेवा सुविधा |
|---|---|---|---|---|
| नेपाल कृषि | लापोडेडे | पसेप्रा | सहायक स्तर पाँचौं | नेपाल सरकारको प्रचलित नियम अनुसार तलव मात्र। अन्य भत्ता केही नहुने । |
| नेपाल कृषि | भेटेरिनरी | नापस्वाप्रा | सहायक स्तर पाँचौं | |
| नेपाल कृषि | लापोडेडे | नापसेप्रा | सहायक स्तर चौथो | |

निर्णय नं.-२: चालु आ.व. २०८१/८२ मा प्रधानमन्त्री रोजगार कार्यक्रमसँगको साझेदारीमा वडा नं. ५ मानेभन्ज्याङमा सञ्चालन गरिने "कृषि नर्सरी तथा आय आर्जन प्रमरोका साझेदारी" र "उदयपुर कृषि आय आर्जन प्रमरोका साझेदारी" योजना प्रभावकारी रूपमा सञ्चालनका लागि गाउँ कार्यपालिकाको कार्यालयका कृषि स्नातक सन्तोष थापालाई सुपरीवेक्षकको रूपमा तोक्ने । निजलाई कार्यस्थलमा खटाइएका श्रमिकको नियमित सुपरीवेक्षण गरी प्रतिवेदन पेश गर्ने जिम्मासमेत दिने निर्णय गरियो।

निर्णय नं. ३: यस गाउँपालिकाको दोस्रो गाउँसभाको १५ औं अधिवेशनमा निर्णय भए अनुसार यस गाउँपालिकाको कानुनी सल्लाहकारमा अधिवक्ता मदन कुमार राईलाई राख्ने र कानुनी सल्लाहकारको सेवा सुविधा कार्यपालिका वैठकले तोके वमोजिम हुने भन्ने निर्णय भएको हुँदा कानुनी सल्लाहकार अधिवक्ता मदन कुमार राईसँग २०८१ साउन १ गतेदेखी २०८१ पुस मसान्तसम्म (छ महिना) को लागि एकमुष्ट रकम २ लाख ६२ हजार १३४ रुपैयाँ पाउने गरी निजसँग सम्झौता गर्ने निर्णय गरियो ।

निर्णय नं. ४: यस गाउँपालिकाको क्षेत्रभित्र कुनै पनि उत्पादक कम्पनी वा अन्य व्यवसायीहरुद्वारा आफ्नो उत्पादन/सेवा प्रचार प्रसारको निम्ति प्रयोग गरिने प्रचार सामग्रीहरुमाथि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा भएको व्यवस्था वमोजिम पालिकाले विज्ञापन कर असुल गर्ने अधिकार रहेको हुँदा यस मानेभन्ज्याङ गाउँपालिकाको विज्ञापन कर संकलनको लागि न्यूनतम ७५ हजार रुपैयाँ तोकी वढावढमा प्रस्ताव आव्हानको लागि सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

निर्णय नं. ५: यस गाउँपालिकाको प्रकोप व्यवस्थापन कोषमा मौज्दात रहेको कोरोना भाइरस (कोभिड-१९) संक्रमण रोकथाप तथा उपचार कोषको रकम रु. ६ लाख ५१ हजार ७ सय ३९ पैसा ८६ हाललाई विपद व्यवस्थापनमा खर्च गर्ने निर्णय गरियो ।



निर्णय नं. ६: यही असोज ११ देखी १३ गतेसम्म परेको अविरल वर्षाले गाउँपालिकाभित्रका विभिन्न ग्रामीण सडक सञ्जाल अवरुद्ध भइ सडक सुचारु गर्न विभिन्न फर्म, कम्पनीको ब्याकहो लोडर र स्काभेटर सञ्चालन खर्च (इन्धन तथा भाडा) विपद व्यवस्थापन कोषबाट खर्च गर्ने निर्णय गरियो । साथै वडा कार्यालयको सिफारिस, विपद व्यवस्थापन समितिको सिफारिस तथा प्राविधिक प्रतिवेदनको आधारमा भुक्तानी गर्ने निर्णय गरियो । गाउँपालिकाले इन्धन हालिदिने र प्रतिघण्टा ब्याकहो लोडरलाई रु. १०००/- को दरले भुक्तानी गर्ने । साथै तल उल्लेखित खानेपानी तथा सडक संरचनामा पुगेको क्षतिको लागि मर्मत तथा पुनःनिर्माणको लागि लागेको खर्च प्राविधिक प्रतिवेदन बमोजिम भुक्तानी गर्ने निर्णय गरियो ।

क. थाक्ले मौवाबोट खानेपानी : ४० हजार

ख. मानेभन्ज्याङ उदयपुर सडक खण्डको छरछरे पहराको पहिरो वाल निर्माण तथा सडक मर्मत : ८४ हजार ।

ग. बालेथाम लिफ्टिङ खानेपानी पाइप खरिद तथा जडान : ४४ हजार ।

निर्णय नं. ७: गत आ.व.मा दलित सीप प्रवर्द्धन दलित लक्षित कार्यक्रम शीर्षकमा विनियोजित बजेटबाट खर्च नभइ बाँकी रहेको रकमबाट चालु आ.व. मा विभिन्न मेशिनरी सामान खरिद गरेकोमा उक्त शीर्षकको गत आ.व.को मौज्दात रकम ( बजेट शीर्षक गत आवको दायित्व बाँकी) मा नपुग रकम चालु आ.व.को दलित लक्षित बजेट शीर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं. ८: यस गाउँपालिकाको वडा नं. ६ मा निर्माणाधिन लेखटार पार्कमा विद्युतीय सवारी साधन चार्जिङ स्टेसन स्थापना जडान गर्नको लागि खानेपानी, सिंचाई तथा उर्जा मन्त्रालय, कोशी प्रदेश सरकारलाई माग गर्ने निर्णय गरियो ।

निर्णय नं. ९: मानेभन्ज्याङ गाउँशिक्षा समितिको मिति २०८१ साल कार्तिक ७ गतेको शिक्षक तथा कर्मचारी सरुवा सम्वन्धी निर्णय नं. २ र निर्णय नं. ३ शिक्षा ऐन २०७६ को परिच्छेद ७ दफा ३९ (५) बमोजिम अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. १०: मानेभन्ज्याङ गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को सुनकोशी तथा दुधकोशी नदीको विभिन्न घाटहरुवाट ढुङ्गा गिटी रोडा ग्राभेल तथा वालुवा उत्खनन् तथा बिक्रीको राजस्व संकलन गर्ने कार्य सम्बन्धित नदीहरुको ठेक्का प्रक्रिया सम्पन्न गरी सम्झौता भइ कायदिश जारी नहुन्जेलसम्मको लागि यसै गाउँपालिकाको दुधकोशी नदीको लागि वडा नं. १ (घाट- फस्कु), वडा नं. ३ (घाट- रोम्दुखोला), वडा नं. ६ (घाट- भँडारे दोभान), वडा नं. ७ (घाट- मोलुङ दोभान र माझी गाउँ वगर) वाट सुनकोशी तथा दुधकोशी नदीको IEE २०७९ मा उल्लेख भएभन्दा नबढ्ने गरी कोशी प्रदेश सरकारको प्राकृतिक स्रोत संकलन तथा बिक्री शुल्क २०८१/८२ बमोजिम प्रति ट्याक्टर (ढुङ्गा, गिटी, रोडा, ग्राभेल) – रु.८२५।– मुअ कर सहित, प्रति टिपर (ढुङ्गा, गिटी, रोडा, ग्राभेल) – रु.२१००।– मुअ कर सहित, प्रति ट्याक्टर (वालुवा) – रु.७१५।– मुअ कर सहित, प्रति टिपर (बालुवा) – रु.१८२०।– मुअ कर सहितको दरले गाउँपालिकावाट रसिद छपाई प्रमाणित गरी सम्वन्धित वडाहरुवाट जारी गर्ने निर्णय सर्वसम्मत गरियो । तथा उक्त प्राकृतिक स्रोतको मात्राको अनुगमन तथा निरीक्षण सम्वन्धित वडा कार्यालयवाट गर्ने गराउने निर्ण पारित गरियो ।